बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.- **प्र./२०७८/०७९**
च.नं.- १५२५

मिति: २०७९/०१/२२

श्री सवै मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
बागमती, हेटौंडा ।

विषयः कर्मचारीहरूको तह वृद्धि सम्बन्धमा।

प्रस्तुत बिषयमा प्रदेश निजामती सेवा, अध्यादेश, २०७८ को दफा ३० को उपदफा (२) बमोजिम तह वृद्धिको लागि योग्य भएका कर्मचारीहरूको तह वृद्धि गर्ने सन्दर्भमा देहाय बमोजिम गर्न गराउन मिति २०७९/०१/२२ को निर्णय (प्रमुख सचिवस्तर) अनुसार अनुरोध छ।

१. तह वृद्धिको निम्ति न्यूनतम योग्यता पुगेका र इच्छुक रहेका कर्मचारीहरूले दरखास्त दर्ता गर्नका लागि सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगले १५ दिनको सूचना जारी गर्ने ।
२. तह वृद्धि गर्ने प्रयोजनका लागि सम्बन्धित कर्मचारीको का.स.मु. फाराम माग गर्नु पर्दा सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगले एकमुष्ट रूपमा सचिवस्तरीय निर्णय गरी माग गर्ने ।
३. सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगको प्रशासन महाशाखाका प्रमुखको संयोजकत्वमा कानून शाखाको कर्मचारी र एक जना अधिकृतस्तरको कर्मचारी सदस्य रहेको तह वृद्धि समिति गठन गर्ने र सोही समिति मार्फत सो सम्बन्धमा काम गर्ने/गराउने ।
४. अध्यादेशको दफा ३० बमोजिमको सेवा अवधि, कार्य सम्पादन मूल्याङ्कन, शैक्षिक योग्यता लगायतका विषय हेरी अध्यादेश बमोजिम तह वृद्धि हुन योग्य व्यक्तिहरूको सूची तयार गर्ने ।
५. अध्यादेशको कार्यान्वयनको सन्दर्भमा पहिलो पटकको लागि तह वृद्धि हुने कर्मचारीहरूको ज्येष्ठता मिति २०७९/०१/२५ गते देखि लागू हुने गरी निर्णय गर्ने र यो कार्य चालु आ.व. २०७८/७९ भित्रै सम्पन्न गरिसक्ने ।
६. उपर्युक्त विषयहरूको जानाकारी सरोकारवाला कर्मचारीहरूले पाउने गरी सम्बद्ध सवै निकायहरूमा सूचना जारी गर्ने। अध्यादेश जारी भए पश्चात् दर्ता भएका निवेदनहरूलाई समेत बुँदा नम्बर ४ बमोजिमको सूचीमा समावेश गर्न सकिने।
७. तह वृद्धि गरिएको सूचना Website मा Upload गर्ने र सम्बन्धित कर्मचारी एवम् निकायहरूमा सो को औपचारिक जानकारी दिने।

(तीर्थराज उपाध्याय)
अधिकृत सातौं

<u>बोधार्थः</u>
श्री सूचना तथा संञ्चार शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
*-Website मा Upload गरिदिनुहुन ।*

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटः www.ocmcm.bagamati.gov.np ईमेलः ocmcm.bagamati@gmail.com